**२०७७ साल भाद्र १८ गते बिहीवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश निजामती सेवा अन्तर्गत स्वास्थ्य सेवा र इन्जिनियरिङ्ग सेवाका रिक्त पदहरुमा खुला प्रतियोगिता मार्फत स्थायी पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउन स्वीकृति प्रदान गर्ने।

२. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** प्रदेश नं. ५, औद्योगिक व्यवसाय ऐन, २०७५ मा संशोधन र एकीकरण सम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयकका सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

३. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** भूमिगत जल सिंचाई आयोजना कार्यान्वयन कार्याविधि, २०७७ स्वीकृत गर्ने।

४. **सामाजिक विकास मन्त्रालयः** विज्ञान प्रविधि तथा बहुप्राविधिक प्रतिष्ठानको स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

५. **सामाजिक विकास मन्त्रालयः** आइसोलेसन अस्पतालहरुको जनशक्ति तथा सोको लागि आवश्यक बजेट स्वीकृत गर्ने।

६. **सामाजिक विकास मन्त्रालयः** प्रस्तावित नेत्रलाल अभागी रङ्गशाला निर्माणको योजना प्रदेश पूर्वाधार विकास प्राधिकरण मार्फत कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने।